# आऊ, मलाई पछ्याऊ

ठिक छ, त्यो बेक्की जन्मनुभन्दा अगाडिको थियो। र त्यसैले म—म सोचे, “ठिक छ, तपाईलाई थाहा छ…” म—म एक कचौरा ओटमिल खाएर आए, एक पैसा लाग्यो। ठिक छ, मैले केवल…तिनीहरुले मलाई मेरो टिकट दिए, र केवल यसमा हस्ताक्षर गर्नुहोस्, तपाई देख्नुहुन्छ, र मैले यसको लागि भुक्तान गरे, र मैले यसलाई फर्काए, किनभने मसंग खर्च खाता थियो।

2 र एक दिन जब हाम्रो एउटा—एउटा गर्तीकर्मीहरुको बैठक भयो। “मेरो,” तिनीहरुले भने, “यो कुन चाहि पागल हो जसले केहि यस्तो कुरामा परिणत गर्यो?” बुझ्नुभयो? शिर्ष—शिर्ष केटा थियो, तपाईलाई थाहा छ, “एउटा बिहानीको नास्ताको लागि दस सेन्ट लाग्थ्यो?” त्यसैले अर्को साथीहरुको लागि त्यो एकदमै सस्तो थियो, तपाईलाई थाह छ। तिनीहरु मध्ये केहिले एक डलरमा परिणत गर्यो, बुझ्नुभयो; रातको खानाको लागि चाहि दुई डलर। र मैले ठ्याक्कै त्यसमा परिणत गरे जे त्यो थियो।

3 ठिक छ, मैले भने, “ठिक छ, अब, अब म फर्किनु आवश्यक छैन…म गर्छु र यदि मैले केवल दस सेन्ट, खाए भने?”

4 श्री. फिल्ड्स, जो सहायक प्रबन्धक थिए, उसले भन्यो, “बिल्ली, कमसेकम, एक डलरमा त परिणत गर।” भन्यो, “त्यही नै बाकि रहेकाहरुले गर्दैछन्।” भन्यो, “यो तिमीले संगै राख्नुपर्छ।”

5 “ठिक छ,” मैले भने, “म—म एक कचौरा ओटमिल बाहेक अरु कहिल्यै खाँदिन, र म यसको लागि मात्रै लिन्छु।”

भन्यो., “ओ, नगर, त्यो कहिल्यै नगर।”

6 ठिक छ, त्यसपछि मैले सोचे, “म यसलाई के गर्ने?” त्यसपछि मैले बिहानको नास्ताको लागि पचास सेन्ट लिन थाले। त्यसपछि मैले यसको चालिस सेन्ट लिए, यदि मैले केहि खर्छ गर्न चाहन्छु भने, सडकमा केहि बालबालिका लाई देउ; केहि बच्चाहरुलाई, तपाईलाई थाहा छ, यस्तो देखिन्छ कि तिनीहरुलाई, सानो पुरानो स्याण्डविच पनि चाहिन्छ। ठिक छ, मैले सोचे हुनसक्छ शायद मसंग…ठिक, त्यो कम्पनी, आफै थियो, जो मसंग त्यसरी बोल्दै थियो। त्यो मानिस त्यहि कम्पनीबाट थियो।

त्यसैले, मैले सोचे, “शायद मैले—मैले केहि गलत गरे।”

7 त्यसैले यहाँ धेरै समय भएको छैन, एउटा गस्तिकर्मीसंग...अहिले तिनीहरुले हेलीकप्टरबाट गस्ती गर्छन्, तपाई देख्नुहुन्छ। त्यसैले उहाँ आयो र ऊ रोकियो। उसले भन्यो, “भन्नुहोस्, भाई ब्रन्हाम,” भन्यो, “यो रूख हुर्किदैछ।”

मैले भने, “हो।” मैले भने, “बच्चाहरु बाहिर त्यसको मुनि खेल्छन्।”

उसले भन्यो, “के हामीले यसलाई माथि उठाउन सक्छौ?”

मैले भने, “हो, तर यसलाई नकाट्नुहोस्। बुझ्नुभयो?”

उसले भन्यो, “ठिक छ, हामी यसलाई काट्न चाहन्छौ। हामी यसको लागि तपाईलाई भुकानी गर्नेछौ।”

8 मैले भने, “होइन। होइन। तपाईले यसलाई काटेको चाहन्न।” ठिक छ, मलाई राईट–अफ–वे को, कानूनको बारेमा पनि थाहा थियो, किनकि म त्यसमा सात वर्षसम्म थिए। मैले भने, “हुदैन।” मैले भने, “तपाईले काटेको म चाहन्न, तर यसलाई उठाउन सक्नुहुन्छ।” मैले भने, “म—मैले यसलाई उठाउछु, तर,” मैले भने, “तपाई गर्नसक्नुहुन्छ। तपाईले यसलाई उठाउन सक्नुहुन्छ यदि तपाई चाहनुहुन्छ भने।” मैले भने, “म, भाई वूड र म, यसलाई उठाउन काम गरिरहेका छौ। हामी यहाँ यो सबै अन्यलाई संगै उठाउदै छौ।” र मैले भने, “तर हामी बच्चाहरुको लागि त्यहाँ राख्न चाहन्छौ, जो र तिनीहरु, तपाईलाई थाहा छ, साना साथीहरु रूखमुनी खेलिरहन्छन्।”

9 म यात्रामा टाढा गएँ। जब म फर्केर आए, त्यसलाई तला काटिएको थियो र बाहिर सारिएको थियो। ओ, कम्पनीमा त्यो कस्तो मुद्धा हुनेथियो, तपाईले देख्नुहुन्छ, त्यो रुख काटेकोमा, तपाईले देख्नुहुन्छ। र त्यसैले मैले सोचे, “अब,” मैले भने, “प्रभु, म त्यसलाई उल्लेखसम्म गर्नेवाला छैन।” बुझ्नुभयो? “चाहे त्यहाँ केहि कुरा छ जुन म—जुन म, त्यसमा, केहि कुरा परिणत हुँदै छ, केवल एक पैसाको मूल्य खाने, र पचास सेन्टमा परिणत गर्न पर्ने।'” बुझ्नुभयो? मैले भने, “यदि त्यसमा केहि कुरा छ, यसलाई बनाउन दिनुहोस्, हेर्नुहोस्, जुन—जुन यो म—जुन म तपाईमा राख्छु, तपाई देख्नुहुन्छ। जुन म...” र त्यसपछि मैले सार्वजनीक सेवाका कम्पनीहरुमा रहने सपना देख्न बन्द गरिदिए, हेर्नुहोस्, किनकि यो त्यहाँ पहिले केहि भएको हुनुपर्छ।

हामीले के गर्छौं त्यो हामीले हेर्नुपर्छ। हामीले यो कुनै दिन पुर्याउनुपर्छ।

10 बच्चाहरु, यहाँ आउछन्। तपाईको आमा आज यहाँ, अरु आज, ट्रुडी। मलाई लाग्छ तपाईले गर्नुभएन, तपाईलाई थाहा छैन। यो एक प्रकारको आश्चर्य हो, मैले देख्न सक्छु। र तपाईले स्नातक गर्ने तयारी गर्दै हुनुहुन्छ। र हामीले यहाँ संगै यो यात्रा गरेका छौ। यो सभा सक्केको तुरुन्तै, म अब सभामा जानेछु। र हामीहरु घर जानेवाला छौ।

11 मैले सोचे कि तपाईहरु सबैसंग कुरा गर्ने राम्रो मौका हुनेछ, र त्यसपछि यो पनि सोचे कि तपाईको स्नातक हुनुभन्दा थोरै अगाडि बच्चाहरु संग कुरा गर्न राम्रो हुनेछ। बाईबलबाट एउटा पद पढ्नुहोस्, र केवल तपाईसंग मेरो हृदयबाट बोल्छु, लगभग दस मिनेटको लागि। म तपाईको बाटोबाट टाढिने छु। बुझ्नुभयो?

12 म बच्चाहरुसंग बोल्नुभन्दा पहिले, केवल एक मिनेटको लागि म वयस्कहरुसंग कुरा गर्न चाहन्छु, तपाईहरु सबैसंग। यो अब, शायद, हुनसक्छ एउटा कठिन यात्रा, यो भएको छ। तर अनुभव जुन मैले परमेश्वरबाट सिके, म दस हजार डलर लिनेछैन जुन मैले प्रभुबाट सिकेको छु म यहाँ भएको समय देखि। म साचै विश्वास गर्छु कि म सर्वशक्तिमानको आज्ञाको पूर्ण आज्ञाकारीतामा आएको छु, र म—म आशा गर्छु कि म सधै त्यसरी नै रहनेछु। र त्यहाँ एउटा...

13 जब म आउछु, एउटा कुरा, म दर्शनबाट आउछु, कि म यहाँ ट्युक्सनमा माथि उभिरहेको थिए जब एउटा—एउटा—एउटा विस्फोट भएको थियो। ठिक छ, भाई फ्रेड त्यहाँ हुनुहुन्थ्यो जब यो बन्द भयो। र तिनीहरुले त्यो अहिले त्यो तस्बिर लिएका छन्, आकाशमा, तपाईलाई थाहा छ। र मैले यसको बारेमा धेरै सोचिन, कहिल्यै पनि यसलाई ध्यान दिईन। त्यसैले यसले मलाई केहि किसिमले प्रभावित पार्यो, गत दिनमा। र भाई नोर्मन, नोर्माको बुवाले मलाई भन्नुभयो, भन्नुभयो, “के तपाईले यो याद गर्नुभयो?”

14 र जसै मैले यो हेरे, ठिक त्यहाँ ती स्वर्गदूतहरु थिए र उत्तिकै स्पष्ट देखिन्थे जत्तिको तिनीहरु देख्न सकिन्थे, ठिक त्यस तस्बिरमा थिए। बुझ्नुभयो? मैले हेरे कि जब यो, र यो समय भएको थियो, उहि, एक वा दुईदिन पहिले, वा म त्यहाँ माथि भएको एक वा दुई दिनमा। मैले यो कहाँ थियो भनेर हेरे। “फ्ल्यागस्टाफको उत्तरपूर्वी, वा प्रेस्कट, जुन

फ्ल्यागस्टाफको तल छ।" ठिक छ, त्यो हामी भएकै ठाउँमा थियो, बुझ्नुभयो, ठिक त्यहिनिर।

15 "छब्बीस –मिल अग्लो।" किन, बाफ माथि—माथि चार, चार मिल उचाईमा जान सक्दैन, वा पाँच, ओसिलो, कुनै पनि प्रकारको कुहिरो वा त्यस्तै माथि जान सक्दैन, तपाई देख्नसक्नुहुन्छ। हवाईजहाजहरु उन्नाईस हजारमा उड्छन्। त्यो सबै बादलहरु माथि उड्नको लागि हो, तपाईले देख्नुहुन्छ। र उन्नाई हजार लगभग चार मिल उचाईमा हुन्छ। यो छब्बीस मिल, वा यसको तिस मिल माथि हो, र पिरामिडको आकारमा थियो, यदि तपाईले तस्बिरमा हेर्नुभएको छ भने।

16 र दाहिने–हात पट्टि, जस्तो मैले तपाईलाई भनेको थिए, मैले याद गरे, उत्कृष्ट, त्यो स्वर्गदूत। त्यहाँ ऊ थियो, छाती बाहिर, परखेंटा पछाडि, ठिक भित्र आएको, जस्तो हुनपर्ने थियो ठिक त्यस्तै नै। यो मैले कहिल्यै याद गरेको थिएन जब तिनीहरुले पहिलो...त्यहाँ धेरै कुराहरु भएको थियो।

17 अर्को दिन बाटोमा आउदै गर्दा, त्यहाँ केहि कुरा भयो जसले मलाई मैले—मैले के गर्नुपर्छ भन्ने कुराको बारेमा बोलेको थियो। र यो—यो मेरो संदेश होइन।

18 एक समय, लियो मर्सियरले भने, भने, "भाई ब्रन्हाम, यो पछि समय आउनेछ," भन्यो, करिब पाँच वा छ वर्ष पहिले, शायद सात, भन्यो, "प्रभुले तपाईको सेवकाईलाई परिवर्तन गर्न जाँदै हुनुहुन्छ, भाई ब्रन्हाम।" र भन्यो, "जब उहाँ यो गर्नुहुन्छ, तपाईले सम्भवतः अस्पतालहरु लाईन लगाउनुहुन्छ, र तिनीहरुलाई खाट—खाटबाट निस्किनको लागि बोल्नुहुन्छ र त्यस्तै कुरा।" यो सहि सुनेको थिएन, यद्धपि म विश्वास गर्छु कि भाई लियो यस बिषयमा इमानदार हुन खोज्दै थियो।

19 तर यो केवल सहि सुनिन्न थियो, किनभने, हेर्नुहोस्, हाम्रो प्रभु येशूले कहिल्यै पनि त्यसो गर्नुभएन। हेर्नुहोस्? र ऊ अस्पतालहरुमा गयो। त्यहाँ अस्पतालमा एउटा थियो। के तपाईले यो बाईबलमा कहाँ थियो याद छ? बेथेस्दाको पोखरीमा। अशक्त मानिसहरुको भिड थियो त्यहाँ, लंगडा, लंगडा, अन्धो, दुर्वल, स्वर्गदूत आउनको लागि पर्खिरहेका थिए। अब, त्यो एउटा आत्मिक अस्पतालमा थियो जहाँ मानिसहरु चंगाईको लागि पर्खिरहेका थिए। र यहाँ दिव्य चंगाईकर्ता आफैनै आउनुभयो र एउटालाई निको पार्नुभयो र बाहिर निस्कनुभयो। त्यसैले तपाईले कुनै एउटा मरणशील

मानिस, वा सेवकाई अगाडि आउने अपेक्षा गर्न सक्नुहुन्न, जुन त्यो भन्दा ठूलो हुनेछ। बुझ्नुभयो? म यो संग सहमत हुन सकिन।

20 तर जसै म वरपर फर्किन थाले, पवित्र आत्मा ममा आउनुभयो। मैले लियोलाई एउटा पेन मागे। मैले एउटा टुक्रा कागज पाएको थिए, र यो मैले लेखे। यो आज उहाँको अनुयानमा छ, यदि तपाई यो कहाँ छ थाहा छ भने। यो त्यो पुरानो आल्मुनियम अनुयान हो जहाँ मेरो लुगाहरु राख्ने गर्छ। जस्तो तपाई ढोकामा जानुहुन्छ, त्यहाँ दाहिने हात पट्टि एउटा अलमारी छ, ठिक त्यो अनुयाँको अगाडि पट्टि। यो त्यहाँ मुनी राखिएको थियो। मैले त्यहाँ माथि राखेको थियो। भन्यो, "कुनै दिन तपाईले यो तान्नसक्नुहुन्छ। 'परमेश्वरले सेवकाई कहिल्यै पनि परिवर्तन गर्नुहुन्न, तर उहाँले सेवकाई भएको मानिसलाई चाहि परिवर्तन गर्नुहुनेछ।'" गर्नुपर्ने कुरा यहि हो।

21 हेर्नुहोस्, म—मलाई थाहा छ मैले गर्नुपर्छ, तर म—म—म सक्दिन, म अहिले रहेको अवस्थामा म त्यो गर्न सक्दिन। किनाबहने, मैले...म भित्र केहि कुरा हुनुपर्छ, जे गर्नको लागि परमेश्वर चाहिन्छ।

22 हामीहरु घर फर्कने लक्ष्यमा छौ। बच्चाहरुले घरको न्यास्रो मानेका छन्, तिनीहरु सबैजना फर्केर जान चाहन्छन्। त्यसैले म तिनीहरुलाई फिर्ता लैजाने सोच्दै छु, प्रभुको इच्छा भए, शायद शनिबारको सेवा पछि, र त्यसैले फिर्ता जान्छौ। त्यहाँबाट, मलाई थाहा छैन। तर म जान्दछु कि म भित्र जब केहि त्यो केहि कुरा हुँदछ, मानिसहरु प्रति महसूस गराउनको लागि, अहिले मैले गरेको भन्दा फरक हुन्छ। मैले इन्कार गरेको थिएँ—मानिसहरु, हेर्नुहोस्, र म—म उनीहरुसंग थप कुनै सम्बन्ध राख्न चाहन्न। तपाईलाई थाहा छ म के भन्न खोज्दैछु, जसलाई मैले "रिक्की, रिकेट्टा," भन्ने गर्छु, तिनीहरुहरु संग कुराहरु छन् जुन तिनीहरुले गरेका थिए। मैले सबै इमानदारीताका साथ प्राचा गरे, र परमेश्वरले यसलाई सबै तरिकाले पुष्टि गर्नुभएको छ। "र यदि तिनीहरुले यसलाई विश्वास गर्न चाहदैनन् भने, किन, तिनीहरुलाई एक्लै छोडिदेऊ।"

23 म त्यहाँ माथि जाँदैथिए, बडसंग सामेल हुनको लागि पतझडमा, त्यहाँ बाहिर यात्रा शुरू गर्न। उजाडस्थानमा पर्खनुहोस्, मेरो कपाल र दाह्री बढ्न दिनुहोस्। र यदि प्रभुले मलाई कहिँ जानको निम्ति चाहनुहुन्छ, उहाँले मलाई एउटा वचन पठाउनुहुन्छ, र म तल गैर यो गर्थे।

24 र बाटोमा, अर्को दिनमा आउदैथियो, उहाँले मलाई रोक्नुभयो। र मैले देखे कहाँ...म कहाँ आउदै थिएँ। म—म अब कुनै अर्को कुराको बाटोमा छु। र मैले सोचे, जब म घर पुगे, मैले त्यो बनाउथे जसलाई मैले एउटा हृदय–देखि–हृदयसम्म कुराकानी भन्छु, शायद यसलाई टेपमा राख्छु, र त्यसपछि र ताकी किन अचानक परिवर्तन भन्ने कुरा भक्तजानहरुले देख्नेछन्।

25 अब, तपाई बच्चाहरु, आउनुहोस् केवल...सानो प्रार्थना गरौँ।

26 प्रभु येशू, हामीहरु यो समयको लागि आभारी छौ, यो जान्दा कि हामीहरु यहाँ भेला भएका छौ, जवान र वृद्धा र मध्यम उमेरकाहरु। र हामी भेला भएका छौ, अनन्तताको यो छेउमा, फेरी एकपटक तपाईको बारेमा र अनन्त जीवनसंग सम्बन्धित चिजहरुको बारेमा बोल्न को लागि।

27 र यी युवाहरु जो यहाँ आजराति बसिरहेका छन्, ती मध्ये केहि स्नातक गर्दैछन्, केहिले पहिले नै स्नातक भईसकेका छन्। तर म जान्दछु कि, प्रभु, त्यो महान झट्का, वा ठूलो विस्फोट हुनभन्दा अगाडि केहि भएको छ, केहि घटना त्यहाँ माथि पहाड भएको ठाउँमा घटेको छ, ट्युक्सनको उत्तरतर्फ, जब प्रभुका स्वर्गदूतहरु तल आएका थिए। के भनिएको थियो त्यो म सम्झन्छु, र—र विशेष गरी जवान मानिसहरुका लागि। म तपाईलाई प्रार्थना गर्दछु, प्रभु, यो बुझ्न मद्दत गर्नको लागि। र यी जवान मित्रहरुलाई मैले केहि कुरा भन्न सकूँ, आजराति, जसले तिनीहरुलाई यात्राभारी मद्दत गरेको होस्। किनकि, प्रभु, हामी सबैलाई यो समयमा त्यो सहायता चाहिन्छ।

28 हामीलाई संगै आशिष दिनुहोस्। हाम्रा पापहरु क्षमा गर्नुहोस्। र यदि हामी यहाँ बाहिर भए देखि हामीले गरेका केहि छन् भने, जसले तपाईलाई असन्तुष्ट बनाएको छ, हामी प्रार्थना गर्छौं कि यसको लागि हामीलाई क्षमा गर्नुहोस्। किनकि हामी महसूस गर्दछौ, आज, कि हामीसंग भोलिको लागि कुनै—कुनै ग्यारेन्टि छैन। हामी जान्दैनौ भोलिले के ल्याउनेछ। भोलि भेट्नको लागि हामी आजै तयार हुनुपर्दछ। र, पिता परमेश्वर, यो गर्नको लागि हामीले जानेको त्यहाँ केवल एउटा मात्रै तरिका छ, जुन, तपाईलाई हेर्नको लागि तयार हुनु हो, किनकि हामी सबैले यो गर्न गईरहेका छौ भनि हामीले महसूस गर्छौं। र हामीले यो कुनै समय भेट्नु पर्छ, या त शान्तिमा, एउटा मित्रको रुपमा वा बालकको रूपमा, वा शत्रुको रूपमा। यसको दूर

होस्, प्रभु, हामी अरु केहि नभएर तपाईको प्रिय छोराछोरीहरु हुन सकौं। यी कुराहरु प्रदान गर्नुहोस् हामी माग्छौ, येशूको नाउँमा। आमेन।

29 आज, जब मैले झार काट्दै थिए, सबेरै यस बिहान, मैले बाईबलमा एउटा ठाउँ फेला पारे, यो समयमा पढ्नको लागि राम्रो हुन्छ जस्तो मलाई लाग्यो। र यो एउटा...धेरै नै राम्रो उपयुक्त नहोला, तर मैले सोचे कि केवल...केवल एउटा—केहि मिनेटको लागि, कुरा गर्न। म यो सन्त लूकाको १८ औ अध्यायबाट पढ्न चाहन्छु। सबै चारवटा सुसमाचार लेखकहरुले यसको बारेमा लेख्छन्। १८ औ अध्यायको १८ औ पद।

> *एकजना यहूदी अगूवाले येशूलाई सोधे, हे उत्तम गुरु, अनन्त जीवन पाउँन मैले के गर्नु पर्छ?*
>
> *येशूले तिनलाई भन्नुभयो, तिमीले मलाई किन उत्तम भन्दछौ? केवल परमेश्वर मात्र उत्तम हुनुहुन्छ।*
>
> *तिमीले परमेश्वरको आज्ञाहरू जान्दछौः व्यभिचार नगर्नु, कसैको हत्या नगर्नु, नचोर्नु, अरूको विषयमा झुटो नबोल्नु, बाबु–आमालाई...सम्मान गर्नु।*
>
> *र...भने, म सानोदेखि यी* आज्ञाहरू पालन *गर्दै आएको छु।*
>
> *जब येशूले यस्तो सुन्नभयो, उहाँले त्यो अगुवालाई भन्नुभयो, तर त्यहाँ अझै एउटा तिमीले गर्नु पर्ने काम बाँकी छ: तिम्रोमा भएको* सबै चीजहरू *बिक्री गर...अनि पैसाहरू गरीब मानिसहरूलाई बाँडिदेऊ...अनि स्वर्गमा तिमीले* इनाम पाउनेछौ*...त्यसपछि तिमी आऊ अनि मलाई पछ्याऊ*

30 यो शब्द, *आऊ मलाई पछ्याऊ,* म सोच्छु, त्यो नै सबैभन्दा उत्तम सुझाव मैले दिन सक्थे यदि म दस हजार बच्चाहरुसंग कुरा गरिरहेको भए, वा यदि म के हुँ भनेर मैले कुरा गरिरहेको भए। यो एउटा आज्ञा हो, र मलाई लाग्छ कि सबैभन्दा ठूलो कुरा जुन कहिल्यै प्रस्ताव गरिएको थियो, र विशेष गरी एउटा जवान व्यक्ति, "मलाई पछ्याऊ।"

31 तपाई कसैलाई पछ्याउन जाँदै हुनुहुन्छ। अब, तपाई मात्र...तपाईले यो याद गर्न सक्नुहुन्छ। तपाई कसैलाई पछ्याउन जाँदै हुनुहुन्छ। र जुन तरिकामा तपाईले व्यक्तिलाई पछ्याउनुहुन्छ, यो निश्चित हुनु कि, यो व्यक्ति कसलाई पछ्याउदै छ। बुझ्नुभयो? हामी...

32 पावलले एकपटक भने, “मेरो अनुयायीहरु बन जसरी म ख्रीष्टको छु।” अर्को शब्द भन्दा, “जसरी म ख्रीष्टलाई पछ्याउछु, तिमीहरु मलाई पछ्याऊ।”

33 र अब, यो मोध, यो—यो जीवनको चरणमा जहाँ हामी सबै आउँछौ। र धेरै पटक तपाईले सुन्नुभएको छ मैले भनेको, “रिकी, रिकेटा,” र कुराहरु। यो, यो युग हो। यो युग हो जसमा हामी जिईरहेका छौ। यो वास्तवमा ती मानिसहरु होइनन्।

34 ती मानिसहरु हामीहरु जस्तै मानिसहरु हुन्। ती बच्चाहरु जो यी तातो रडहरु लिएर, बाहिर सडकमा माथि–र–तल दौडिन्छन्, र तिनीहरु बाटोमा हिड्दै, चुरोट पिउँदै र मदिरा पिउँदै, र केटिहरु अनैतिक पोशाक लगाउदै हिड्छन्, र अन्य चिजहरु, ती केटिहरु र केटाहरु हामी जस्तै हुन्। हेर्नुहोस्? तिनीहरु मानव हुन्। तिनीहरुले प्रेम गर्छन्। तिनीहरुले खान्छन्। तिनीहरुले पिउछन्। तिनीहरु सुत्छन्। तिनीहरुले श्वास फेर्छन्। तिनीहरु मर्नुपर्छ। तिनीहर हामी जस्तै मानिसहरु हुन्। र अझै पनि तिनीहरु…

35 तिनीहरु दुष्ट आत्माले काबुमा राखेको थियो। तिनीहरुले यो जान्दैनन्। यो मानिस—मानिसहरुको कारणले होइन, तर किनभने, कहिलेकाहि, तिनीहरुले पछ्याईरहेका केहि अगुवाहरुले तिनीहरुलाई गलत बाटोमा डोहोर्याए।

36 अब, तपाई केटिहरु र केटाहरुले त्यो भन्दा राम्ररी जान्नुहुन्छ। तपाईलाई थाहा छ। तपाईलाई त्यो भन्दा उत्तम सिकाईएको छ। तपाईले त्यसो गर्न भन्दा उत्तम अभिभावकहरु, असल तालिमहरु पाउनुभएको छ। तपाईले राम्रो जान्नुहुन्छ।

37 तर तिनीहरुले जान्दैनन्, हेर्नुहोस्, किनकि तिनीहरु जाने मण्डलीहरु आधुनिक मण्डलीहरु हुन्, आधुनिकतावादि हुन्। र तिनीहरु—तिनीहरु त्यसदिनको लागि मात्रै जिउदछन्, अधिक लोकप्रिय हुन। र, ओ, मेरो! के…नैतिकता तिनीहरुको लागि पुण्य बन्छ। बुझ्नुभयो? त्यसैले तिनीहरु, के…जसरी मैले एकपटक भनेको थिएँ, एउटा नाटकमा जुन मैले यहाँ तल हेरेको थिए, धेरै समय भएको छैन, सोदोम र गमोराको, त्यस दुष्टले–समातेको महिलाले लोत—लोतलाई भनि, “तिमीले जे कुरा;लाई अनैतिक भन्छौ, त्यसलाई म पुण्य भन्छु।”

38 येशूले भन्नुभयो, "जसरी नोआको दिनमा भएको थियो, मानिसको पुत्रको आगमनको दिनमा पनि त्यस्तै नै हुनेछ।" त्यसैले हामी फेरी पनि त्यहि ठाउँमा पुगेका छौ।

39 आउनुहोस् यो मित्रलाई हेरौ, एक मिनेटको लागि, जुनको बारेमा हामीले पढ्यौ। तपाईहरु जस्तै गरी, यो बच्चा एउटा असल घरमा जन्मेको हो भन्ने कुरामा कुनै संका छैन। उसलाई असल अभिभावकले हुर्काएको थियो। किनकि, यसले यो प्रमाणित गरेको छ, जब येशूले उसमा परमेश्वरको आज्ञाहरु प्रस्तूत गर्नुभयो। उसले भन्यो, "मैले यो युवावस्थाबाट नै पालन गरेको छु।" यसले यो देखाउछ कि ऊ—उसलाई—उसलाई सहि तरिकामा हुर्काईएको थ्यो। उनी त्यस्तो खालको गलत थिएनन्। र तपाईलाई थाहा छ, ऊ—उसलाई तपाईहरु जस्तै, के सहि हो भनि थाहा दिएर हुर्काईएको बच्चा थियो। सम्भवतः परमेश्वरको–भय राख्ने आमा र बुवाको अधिनमा हुर्केको हुनुपर्छ, उस—उस—उसलाई सहि कुरा सिकाउनको लागि, जब ऊ एउटा सानो बच्चा थियो। अँ, त्यो राम्रो हो।

40 शायद, एउटा बच्चाको रूपमा, उसको आमाले ऊ एकदिन महान मानिस बनेको हेर्ने उच्चा महत्वकांक्षा थियो होला। उसको बुबा धनी थियो, जसले उसलाई दिनसक्नेसम्म को विद्यालय पठाएर र—र शिक्षा दिन सक्थ्यो... ऊ एउटा असल शिक्षा लिएर संसारमा केहि बन्न सक्षम थियो। र उसको आमा र बुबाको इमानदारीताले, यस बच्चालाई शिक्षा दिँदै, र शायद तपाई जस्तै उसको स्नातकको समयमा आयो, हेर्नुहोस्, ऊ विद्यालय पढेको र आफ्नो शिक्षा पाएको समय जब पार गर्यो। कुनै सन्देह छैन कि शायद ऊ आमा र बुवाको जीवनको—गौरव र आनन्द थियो। कुनै संका छैन, ती दिनहरुमा, ऊ संग राम्रा घोडाहरु थिए, जस्तो तपाईसंग अटोमोवाईलहरु छन्, र तपाईले पाउनुभएको जस्तै एउटा असल बुवा र आमा थियो, जसले यसलाई हेर्थ्यो, तपाईले राम्रा लुगाहरु पाउनुभएको छ, र—र एउटा कार, र सक्छ...र जीवनको आनन्द लिन सक्थ्यो, ठिक त्यस्तो केहि जुन आज तपाईसंग छ।

41 र बुवा र आमा संग...लगातार प्रार्थना गर्थ्यो कि—कि उनीहरुको छोरा केवल एउटा सामन्य मानिस नहोस्, कि ऊ एउटा असाधारण मानिस भएको होस्। सबै अभिभावकहरुले यो चाहन्छन्। के तपाईले सुन्नुभयो येशूले त्यो आज्ञालाई उल्लेख गर्नुभएको, "आफ्नो बुवा र आमाको आदर गर्नु,"

त्यसपछि रोकियो? बुझ्नुभयो? र त्यो कुनै पनि अभिभावकको महत्वकांक्षा हो, तिनीहरुको सन्तानको लागि राम्रो गर्नु, जुन तिनीहरुले सक्छन्, उनीहरुलाई शिक्षा दिनु, उनीहरुलाई ती कुराहरु दिन चाहन्छन् जुन शायद तिनीहरुले पाएका थिएनन्। त्यहि तरिकामा मैले मेरा छोराछोरीहरुको लागि महसूस गर्छु।

42 मलाई लाग्छ, विद्यालय जानुमा, अहिले; मलाई लाग्छ, यी उच्च शिक्षाको र यस्तै कुराहरुको लागि बेक्की र सारा र जोसेफलाई पठाउँछु, जहाँ यो सबै भईरहेको छ? मलाई लाग्छ म तिनीहरुलाई लिएर फर्केर पहाडतिर जानेछु, र—र तिनीहरुलाई त्यहाँ हुर्काउछु...जस्तो इन्डियनगरु बस्छन्।

43 तर यहाँ यो छ। केटाकेटीमा के छ त्यो बाहिर आउनेवाला छ। यो जहाँ भए पनि, यो, यो आउनेवाला छ। यदि यो त्यहाँ दुष्ट छ, यो इन्डियनको शिविरमा आउनेछ। यदि यो त्यहाँ राम्रो छ भने, यो कुनै पनि शिविरमा आउनेछ। बुझ्नुभयो? यो बच्चामा के छ, बच्चाको बनावट, तपाईको भित्र के छ। र तपाई अहिले जे हुनुहुन्छ सम्भवतः तपाई बाकि रहेको जीवनमा पनि त्यहि हुनुहुन्छ। तपाई परिवर्तन हुने ठाउँमा हुनुहुन्छ।

44 के तपाईलाई थाहा छ? छयास्सी प्रतिशत धर्मान्तरण येशू ख्रीष्टमा धर्मान्तरण एक्काईस वर्षको उमेर भन्दा अगाडि हुन्छ। यसले यो देखाउछ। तथ्यांकले यो देखाउछ। ख्रीष्टमा आउने छयास्सी प्रतिशत, तिनीहरु एक्काईसको उमेर भन्दा अगाडि आउँछन्। तपाई, तपाईले त्यो उमेर पार गरिसके पछि, तपाई झनै छाटिनुहुन्छ वा तपाईको तयार हुन्छ। ओ, यो सम्भव छ, पक्कै पनि। तिनीहरु आउछन्, सत्तरी, अस्सी, वर्ष वृद्धा, तर यो अन्त्यन्त दुर्लव छ। बुझ्नुभयो?

45 तपाई जवान हुँदा आफैलाई बनाउनुहोस्। तपाई के गर्न चाहनुहुन्छ र जीवनमा के उपलब्धी हासिल गर्न चाहनुहुन्छ त्यसमा आफ्नो महत्वकांक्षाहरु तयार गर्नुहोस्। तपाईले यसको बारेमा सोच्नुहोस्। र जस्तो तपाई सोच्नुहुन्छ, अवश्य पनि, तपाईको दिमाग, यो तपाईको मस्तिष्कमा प्रस्तुत हुन्छ कुनै अज्ञात चिज द्वारा जुन—जुनले तपाईको मनलाई हावी गर्छ। र जब यो तपाईको मस्तिष्कमा बन्छ, तब तपाई बोल्नुहोस्, कि तपाई यो गर्न जानुहुनेछ। र त्यसपछि तपाईको महत्वकांक्षाहरुले तपाईलाई यस तर्फ लैजान्छ।

46 त्यसैले, आमा र बुवा, यो जवान मानिसको अपेक्षा...उसको महत्वकांक्षाहरु ठूलो भएको चाहन्थ्यो; पर्याप्त पैसा बोकेको। र त्यसपछि, कुनै संका छैन, तिनीहरुले त्यो प्रार्थना गरे कि यो—यो जवान केटाले—त्यो अवसर प्राप्त गर्नेछ। तपाई देख्नुहुन्छ, तिनीहरु—तिनीहरुले गर्न सक्ने सबै गरेका थिए। ऊ संग शायद राम्रा घोडाहरु थिए, र—र शायद महिलाहरुको माझमा धेरै लोकप्रिय थिए होला।

47 र पुरुषको लागि के जान्छ, त्यो महिलाको लागि हुन्छ, र उल्टो, हेर्नुहोस्, किनकि हामीहरु मानव जातिको जीवन, प्राणहरुको बारेमा बोल्दैछौ, दुवै पुरुष र महिलाको बारेमा।

48 र त्यसपछि, केटाले यी सबै अवसरहरु पाईसकेपछि, हेन्नुहोस्, हामीले बोलाउने ऊ "सजिलो सडक," भयो, त्यो एउटा ठाउँमा जहाँ उसले धेरै चिन्ता लिनुपर्दैन थियो। उसको अभिभावकसंग पैसा थियो। ऊ संग...ऊ धेरै नै...ऊ एउटा शासक बन्यो। बाईबलले त्यसतर्फ संकेत दिन्छ यहाँ...एउटा जवान, धनी युवा शासक। र हामीले देख्छौ...जवान उमेरमा नै, शायद उसको किशोर उमेरमा, भर्खरै विद्यालयबाट बाहिर आएको, भर्खरै स्नातक गरेको, शायद, केहि हप्ता अगाडि थियो होला, वा केहि कुरा, ऊ बन्यो...ऊ एउटा शासक हो, र उसंग हृदयले चाह गर्ने सबैकुरा थियो।

49 र केटा कुनै आधुनिक रिकी थिएन। ऊ एउटा राम्रो बच्चा थियो। म विश्वास गर्छु, जब लूकाले यसको बारेमा लेखे, वा मर्कूसले, म विश्वास गर्छु यो हो, येशूले उसलाई हेर्नुभयो र श्वास लिनुभयो, किनभने उहाँले उसलाई प्रेम गर्नुहुन्थ्यो। बुझ्नुभयो? त्यो बच्चामा त्यहाँ केहि कुरा थियो। यो बच्चासंग जोडिएको असल व्यक्तित्व थियो। ऊ कहाँबाट आयो? असल परिवारबाट जसले उसलाई परमेश्वरको आज्ञाहरु सिकाएको थियो, र त्यसलाई उसले पालन गरेको देखेको थियो। र उसले यो गर्यो, आफ्नो युवावस्था देखि नै।

50 र केटामा महत्वकांक्षा थियो; उसले अनन्त जीवन पाउन चाहन्थ्यो। उसले भन्यो, "असल गुरु, मैले अनन्त जीवन पाउनको निम्ति के गर्नुपर्छ?"

51 हेर्नुहोस्, संसारमा भएको सबैथोक तपाईले पाए पनि, तपाई भित्रको प्राणले तपाईलाई भन्छ त्यहाँ केहि कुरा छ जुन तिमीलाई चाहिन्छ, जुन तिमीले पाएका छैनौ। धनबाट मात्रै...वा, यो सधै धन हुनपर्छ भन्ने छैन। यो हुन पनि सक्छ, लोकप्रिय, कुनै राम्री केटि, उनले सोच्न सक्नेसम्मको

सुन्दरता उनले पाएकि हुनसक्छ। शायद उनी विद्यालयमा एकदमै लोकप्रिय होलिन्। शायद केटाले आफूले चाहेको कुनै पनि केटि पुन सक्छा। ऊ आफू सुरक्षित भएको महसूस गर्ला। त्यो सुरक्षा होइन। त्यो मैदानमा भएको फूल जस्तै गरी ओईलिएर जान्छ। बुभ्नुभयो? यो जानेछ। यो धेरै हुनेछैन। केवल सूर्यको केहि घुम्ती हो, त्यो जान्छ, त्यसपछि तपाईसंग प्राण छ जुन अनन्त जीवन जिउनु पर्दछ।

52 र यो जवान बच्चामा एउटा राम्रो व्यक्तित्व हुनुपर्दछ, किनभने उसले आफैलाई प्रभु येशूमा प्रस्तुत गर्यो, जानेर उसले आफ्नो घुँडा टेक्यो। उसले भन्यो, "असल गुरु, मैले अनन्त जीवन पाउनको लागि के गर्नुपर्छ?"

53 उहाँले भन्नुभयो, "तिमी मलाई किन असल भनि बोलाउछौ," भन्नुभयो, "जबकि तिमीलाई थाहा छ कि त्यहाँ एकजना मात्रै असल हुनुहुन्छ, र त्यो परमेश्वर हुनुहुन्छ?" हेन्नुहोस्, यसमा जवान मानिसले के व्यक्त गरे? कि उहाँ परमेश्वर हुनुहुन्थ्यो। बुभ्नुभयो? उहाँले भन्नुभयो, "तिमीले आज्ञाहरु जानेका छौ, त्यो पालन गर्न।"

भन्यो, त्यसैले उसले भन्यो, "के आज्ञाहरु गुरु ज्यू?"

54 उहाँले भन्नुभयो, "'आफ्नो पिता र मातालाई आदर गर्नु,' र त्यस्तै आज्ञाहरु।"

55 उसले भन्यो, "यो मैले, मेरो युवावस्था देखि नै गरेको थिए। हेर्नुहोस्, मैले यो गरेको छु।"

56 उहाँले भन्नुभयो, "तैपनि तिमीमा एउटा कुराको कमी छ। जाऊ, तिमीसंग भएका सबैथोक बेचिदेऊ, र गरिबहरुलाई बाँडिदेऊ, अनि मलाई पछ्याऊ।"

57 कस्तो अवसर! त्यो पत्रुस, याकूब, यूहन्ना, ती मध्ये एक हुनसक्थ्यो। हेर्नुहोस्, यो बच्चा राम्रो प्रशिक्षित र हुर्काईएको थियो, र ख्रीष्टमा प्रस्तूत गरिएको थियो, उसलाई प्रयोग गर्नको निम्ति उसमा भएको सबै सम्भावनाहरुमा, प्रयोग गर्नको लागि, सम्भवतः शिक्षित, जवान, धनी, प्रभाव, जहाँ उसले सुसमाचार प्रस्तूत गर्न सक्थ्यो, र अभै पनि उसले त्यसलाई नकार्यो। कस्तो एउटा—त्यो जवान केटाको लागि यो एउटा कति सानो कुरा थियो! बुभ्नुभयो?

58 "मलाई पछ्याऊ।" अब, हेर्नुहोस्, उसले अरु कसैलाई पच्छयाउन पर्नेभयो। अब, उसले कि त आफूसंग सम्बन्धित मानिसहरुको प्रभावलाई

पच्छयाउनु पर्थ्यो, कुनै युवतीको प्रभावमा, कुनै केटाहरुको समूहमा जोसंग ऊ जोडिएको थियो, विद्यालयमा उसको सहकर्मीहरुसंग, वा येशूलाई पच्छयाउनुपर्थ्यो। उसको सबै असलपनमा, अझै पनि उसलाई थाहा थियो कि ऊसंग अनन्त जीवन थिएन।

बच्चाहरु, तपाईहरुले सोच्न पर्ने कुरा यहि हो। बुझ्नुभयो?

59 अब आजराति केटालाई हेर्नुहोस्, ऊ के बन्न सक्थ्यो, र ऊ के छ, ऊ आजराति के छ। ऊ कुनै ठाउँमा छ। ऊ एउटा मानिस थियो। ऊ कुनै ठाउँमा छ। उसले इन्साफलाई पर्खिरहेको छ। उसले त्यो दिनमा इन्साफलाई सामना गर्नको लागि पर्खिरहेको छ, त्यहि अवसर इन्कार गरेर जुन तपाई नानीहरुलाई प्रस्तूत गरिएको छ, लगभग एउटै परिस्थितिमा; राम्रा बच्चाहरु, असल व्यक्तित्व, राम्रा बुवा र आमाहरु, तपाईसंग के छ, तपाईले नचाहेसम्म, काम समेत गर्नुपर्दैन। बुझ्नुभयो?

60 तर त्यहाँ केहि कुरा छ जुन संग त्यो जान्छ। त्यहाँ केहि छ जुन त्यो संगै जाँदछ। त्यो वचन, आजराति, कहिल्यै पनि मर्दैन। "मलाई पच्छयाऊ," यो अझै पनि प्रत्येक युवा, प्रत्येक युवतीका लागि चुनौती हो। बुझ्नुभयो?

61 वचनहरु मर्दन। जब तपाई केहिकुरा बोल्नुहुन्छ, केवल याद गर्नुहोस्, चाहे यो गुप्तमा तपाईको कारमा होस्, चाहे यो पुल्पिटमा होस्, चाहे यो सडकको कुनामा प्रेमी वा प्रेमिकासंग होस्, यो जहाँकहिँ पनि होस्, यो कहिल्यै मर्दैन। यो—यो सधैभरि बाँच्नु पर्दछ।

62 जब मैले त्यो केटिलाई देखे कि मैले...अर्को रात दर्शनमा, जवान सुन्दर केटि, हलिवूडका अभिनेत्री, र मैले उनी मरिरहेकि, नजिकिदै, मद्दत पाउन कोशिष गर्दै। उनको एउटा हृदयघातले मृत्यु भयो, मिस मोनरो। र त्यो दुई वर्ष अगाडि भयो, र उनी मर्दै गरेको मैले देखे। र दुई दिन पश्चात उनी मरिन्।

63 त्यसपछि, अर्को दिन, मैले त्यस केटिको आवाज सुने। कसरी? बच्चाहरुले मलाई भन्दै थिए, "बाबा, तपाई तल नफर्किने नदितिर जानु हुन्छ, सधै।" भने, "आजराति, तिनीहरुको त्यस्तो खालको एउटा नाटक थियो।" तिनीहरुले एउटा निश्चित रातमा यो हुनेछ भने, त्यो समय भन्दा एक वा दुई हप्ता पछाडि हुनेछ। मैले सोचे, "ठिक छ, म त्यो हेर्न चाहन्छु, किनकि म तल त्यो नदितिर गएको छु, दुई वा तिन पटक; मलाई लाग्छ, लगभग पाँच पटक।" ठिक छ, म—मलाई यो हेर्न मन थियो।

64 र मिस मर्लिन मोनरो ले त्यो अभिनय गर्नुभएको थियो। ठिक छ, त्यो केटि हो जसलाई मैले दर्शनमा देखेको थिए। र त्यहाँ उनी थिईन्, तस्बिरमा, र कार्यहरु, उहि अभिनय जुन उनले *द रिभर अफ नो रिटर्न* मा गरेकी थिईन्, जब उनले त्यो तस्बिर लिईन्, शायद पन्ध्र वर्ष अगाडि थियो। यो एउटा पुरानो तस्बिर थियो, शायद बिस वर्ष अगाडिको हुनसक्छ। र उनी मरेकी दुई साल भयो। र त्यहाँ फेरी उनी छिन्, जीवित, हरेक काम र हरेक शब्द। बुझ्नुभयो? यो फेरी जीवित नभएसम्म चुम्बकीय टेपमा समातिएको छ।

65 त्यो मात्रै होइन, तर हामीले भन्ने सबैकुरा जीवित छ। हामीले बोल्ने सबै शब्द मर्न सक्दैन। कोठाबाट आएका अहिले शब्दहरु हुँ, मानिसका रुपहरु हुँ। टेलीभिजनले यसलाई टिप्छ। तपाईले ठिक यहाँ बोल्न सक्नुहुन्छ, र उहि सेकेन्डमा, तिनीहरुले संसारका चारैतिर सुन्नसक्छन्। यहाँसम्म कि तपाईले यहाँ कोठामा सुन्न भन्दा अगाडि, इलेक्ट्रोनिक मार्फत, यो संसारको चारैतिर जान्छ।

66 र परमेश्वरको विशाल स्क्रिनले यसलाई टिप्छ। र तपाईले गर्ने हरेक चाल र गतिबिधी, तपाईले यसलाई इन्साफमा भेट्नुपर्ने हुन्छ। बुझ्नुभयो? त्यसैले, जवान साथीहरु, यो रोक्नु एउटा असल कुरा हो, यी कुराहरुको बारेमा सोच्नुहोस्, हेर्नुहोस्, किनकि तपाईले यसलाई फेरी भेट्न जाँदै हुनुहुन्छ। बुझ्नुभयो?

67 यो युवकलाई खोजेर हेरौँ, उसमा भएको अवसर, र आफैलाई उसको स्थानमा राख्नुहोस्। र एउटा केटि, यो बेक्की र मर्लिन जस्तै नै, जस्तै तपाई उनको ठाउँमा उभिएको जस्तै, र तपाईले त्यो आवाज सुन्नसक्नुहुन्छ जुन अझै पनि जीवित छ।

68 यो अझै पनि जीवित छ। यो अझै पनि चलिरहेको छ। विज्ञानले भन्छ, “आजबाट आउदो बिस वर्षमा, तिनीहरुले उसको शाब्दिक आवाज उठाउनेछ जुन उसले दुई हजार वर्ष अगाडि, बोलेको थियो।” यो अझै पनि जीवित छ। समुन्द्रमा एउटा ढुंगा खसेको जस्तो, छाल कहिल्यै रोकिदैन। यो हजारौ मिल, किनारमा जान्छ, र फर्कन्छ।

69 जब आवाज हावामा एकपटक त्यसरी बोलिन्छ, यो कहिल्यै मर्दैन। त्यहाँ केहि पनि छैन जुन तपाईले इन्साफमा भन्नसक्नुहुन्छ। यो ठिक त्यहाँ छ। त्यहाँ त्यो जवान मानिसलाई बोलिरहेको येशू ख्रीष्टको आवाज

हुनेछ, “मलाई पछ्याऊ,” र उसले इन्कार गरेको, स्क्रिनमा हुनेछ, दुःखी, किनकि ऊ संग धेरै धन–सम्पत्ती थियो। बुझ्नुभयो? हामी नहुन पनि सक्छौ...यो सधै पैसा हुनुपर्छ भन्ने छैन। यो अरु कुराहरु पनि हुनसक्छ। बुझ्नुभयो? हामीले त्यो बोलावटलाई गर्ने भन्दा बढि प्रिय लिने कुनै पनि कुरालाई, हेर्नुहोस्, यो हाम्रो लागि पैसा जस्तै नै बन्छ। यो हामीलाई भ्रष्ट बनाउने कुरा बन्छ।

70 अब आउनुहोस् उसलाई थोरै पछ्याऔ। के हुन्छ जब ऊ पछि हट्छ? उसले ख्रीष्टको त्यो आवाजलाई सुनेन। ऊ आफ्ना साथीहरुसंग गए।

71 जुन, तपाई नानीहरु, तपाईसबै राम्रा नानीहरु हुनुहुन्छ, र तपाई मित्र बनाउनको लागि बाध्य हुनुहुन्छ, तर ध्यान दिनुहोस् कस्तो खालको मित्र तपाईसंग छ। यदि त्यो मित्र ख्रीष्टलाई पछ्याईरहेको छ भने, त्यो मित्रसंग जानुहोस्। ख्रीष्टलाई पनि, पछ्याउनुहोस्। तर यसले गर्दैन भने, यो नगर्नुहोस्।

72 आउनुहोस् उसलाई हेरौँ। हामीले पाउँछौ, उसले शायद साथीहरु राखेको थियो। ऊ एउटा महान शाषक बन्यो। त्यसबेलामा ऊ एउटा शाषक थियो। पछि, हामीले पाउछौ कि ऊ यति समृद्ध भयो कि ऊ—ऊ—उसले आफ्नो सामान राख्नको लागि अतिरिक्त गोदामहरु निर्माण गर्नुपर्यो। त्यसपछि उसले आफैलाई भन्यो, ऊ बुढो भएपछि, र जवानी जीवनको ध्यान र कुराहरु बितिसके पछि, उसले गरेका सबै, शायद, मनोरंजन थियो होला।

73 जब वृद्धा पुरुष वा वृद्धा महिला, म, मेरो श्रीमती जस्तै, तपाईको आमा र बुवा, त्यहाँ तिनीहरुले सोच्न सक्ने केहि पनि छैन। तिनीहरुले सक्दैनन्, बाहिर जान र—र सडकहरुमा माथि–र–तल गर्न चाहदैनन्, तपाईलाई थाहा छ, जस्तो—जस्तो जवान साथीहरु, र जवान महिलाहरुले गर्छन्। प्रेम सम्बन्धि भेटघाटहरु, र को चाहि तपाईको श्रीमती वा श्रीमान् बन्न जानेछन्, वा, हेर्नुहोस्, तिनीहरुको दिमागमा त्यस्ता कुराहरु हुदैनन्। तिनीहरु, तिनीहरुको बच्चाहरु छन्, तिनीहरु रुचि राख्छन्। त्यो तपाईहरु सबै हुनुहुनेछ, भोलि, यदि त्यहाँ भोलि छ भने, बुझ्नुभयो?

74 र साथीलाई हेर्नुहोस्, तब, हुनसक्छ...हुनसक्छ यहासम्म कि ऊ कहिल्यै विवाहित नै भएन। र, तथापि, ऊ एउटा महान शाषक थियो। र ऊ बस्यो...

75 र जस्तो यो यरूशलेममा भएको थियो, अझै पनि, तिनीहरु घरको छतमा खान्छन्, दिनको यो समय, जब यो शितल हुन्छ, साँझमा बाहिर।

र ऊ संग चित्रित हामीले अर्को पात्र भेट्टाउछौ: एउटा भिखारी।

76 र त्यो मानिस, छिमेकीलाई आदर गर्नुपर्छ भनि—भनि हुर्किएको, र अरु जस्तै उस्तै गर जस्तो अरुले आफुलाई गरेको चाहन्छौ, हेर्नुहोस्, ख्रीष्टको त्यो बोलावटलाई इन्कार गरेर, अन्तमा...यस्तो देखिन्छ, एउटा केटा त्यस्तो एउटा घरमा पर्वारिश गरेर, जो उहाँबाट कहिल्यै पनि टाढा हुने थिएन, तर यो भयो। यो भयो।

77 र त्यहाँ ढोकानिर लाजरस नाम भएको एउटा मानिस लेटिरहेको थियो, आफ्नो लागि खानाको व्यर्थमा, भिख माग्दै। उसले फुरेको टुक्रा–टुक्रा खाने गर्थ्यो जुन उसले फालेको थियो, भिखारीलाई पनि होइन, कुकुरलाई दिएको कुरा खान्थ्यो। र घाउले भरिएको थियो। तर यो मान्छे समाजमा यति सम्मानित थियो, तब, ऊ संग कुनै भावना नै थिएन। ऊ सुन्न भयो, किनभने उसले ख्रीष्टको त्यो प्रस्तावलाई अस्वीकार गरेको थियो।

78 र शायद एक साँझमा, यो समय, आफ्नो टोस्ट एउटा राम्रो मदिरामा बनाउँदै, र मनमोहक महिलाहरु, गहना लगाएका, उसको वरिपरी, र त्यस्तै कुराहरु, उसको हृदयले चाहना गर्ने सबै कुरा सहित, र टोस्ट गर्दै। एउटा भिखारी ढोकामा पल्टिरहेको।

79 र भोलिपल्ट बिहान, दिनको उज्यालो हुनु अघि, ऊ नरकमा थियो, त्यो लाजरसलाई आफ्नो जिब्रोमा पानी हाल्न आउनको निम्ति चिच्याईरहेको थियो। दृश्यको परिवर्तन।

80 र तपाई याद गर्नुहुन्छ, जब उसले भन्यो, "पिता, अब्राहाम," अब, उसले अझै पनि याद गरिरहेको थियो कि अब्राहाम यहूदीहरुको पिता थियो। उसले भन्यो, "पिता अब्राहाम, त्यो भिखारी लाजरसलाई मेरो ओठमा राखिदिन, आफ्नो औंलामा थोरै पानी सहित यहाँ पठाईदिनुहोस्। यी ज्वालाहरुले पीडा दिन्छन्।"

81 र उहाँले भन्नुभयो...र अब्राहामले भने, "यो, मैले त्यो गर्नसक्दिन," धेरै शब्दहरुमा भने। "र यी सबै बाहेक, तिमीले देख्छौ, तिमीसंग जीवनमा तिम्रो अवसर थियो।"

82 उसंग यो कहिले थियो? जब येशूले भन्नुभएको थियो, "मलाई पछ्याऊ।" तर उसले यो अस्वीकार गर्यो। ऊ त्यो बाटो गयो जहाँ उसले

पैसा कमाउन सक्थ्यो। र त्यो सबै ठिकै छ, पैसा कमाउनुमा केहि गलत छैन, तर तपाईले यो गरिरहँदा येशूलाई पछ्याउनुहोस्। बुझ्नुभयो? र भिडसंगै, ऊ अर्को बाटो गएको थियो।

83 र तपाईले थाहा पाउनुहुन्छ, उसले भन्यो, र अब्राहमले भने, "र यी सब बाहेक, त्यहाँ ऊ र तिम्रो बीचमा एउटा खाडि राखिएको छ, जुन कुनै पनि मानिसले कहिल्यै पार गरेको छैन, र कहिल्यै गर्न सक्ने छैन। त्यहाँ भएकाहरु यहाँ आउन सक्दैनन्, र यहाँ भएकाहरु त्यहाँ आउन सक्दैनन्। यो तय गरिएको छ। कुनै पनि मानिसले पार गरेको छैन वा गर्नेछैन।"

84 त्यसपछि उसलाई सुन्नुहोस्। त्यसबेला ऊ एउटा प्रचारक बन्न चाहन्थे। येशूले उसलाई दिएको बोलावट, उहाँलाई—उहाँलाई पछ्याउनको निम्ति, थियो, र एउटा प्राण विजेता हुन, एउटा जवान मानिसको रूपमा, उसमा फेरी फर्कियो। उसले यो सम्झ्यो, कि उसको पाँचजना दाजुभाईहरु थियो, तल पृथ्वीमा, र उसले तिनीहरुलाई त्यो ठाउँमा आएको चाहदैन थिए।

85 उसले भन्यो, "त्यसोभए, मेरा भाईहरुलाई यहाँ नआऊ भन्नको निम्ति, लाजरसलाई फर्काएर पठाईदिनुहोस्।" अर्को शब्दहरुमा भन्दा, "'मलाई पछ्याऊ।' भन्ने आह्वानलाई स्वीकार गर।" बुझ्नुभयो?

तर उनले भने, "तिनीहरु, तिनीहरुले यो गर्नेछैनन्।"

86 उसले भन्यो, "हो गर्नेछन्, यदि लाजरस जस्तो, एकजना मरेकाबाट उठेर फर्केर जान्छ, र तिनीहरुलाई भन्छ भने मान्नेछन्।"

87 तपाईले देख्नुभयो, यसले त्यो देखाउछ, हामी मरेपछि, तपाई अझै पनि सचेत हुनुहुन्छ। उसले सम्झ्यो। अब्राहामले भने, "छोरा, याद गर्न, तिम्रो दिनहरुमा।" बुझ्नुभयो? तपाई अझै पनि याद गर्नुहुन्छ। तपाईले आफ्नो सम्झना गुमाउनुहुदैन। तपाईले सम्झनुहुन्छ।

88 र मानिससंग हुने सम्झना, र अझै पनि उहि ठाउँमा, येशूले भन्नुभएको, "मलाई पछ्याऊ।" सुनेको अवसरलाई अझै पनि सम्झ्यो। तर उसले गलत मानिसलाई पछ्यायो, गलत भिडलाई। ऊ गलत भिडमा गयो, र गलत ठाउँमा गयो, गलत अनन्तकालमा पुग्यो; त्यस दिनमा सदाको लागि परमेश्वरबाट, विनाश हुनेछ।

89 येशूले ठूलो मन प्रहार गर्ने वचन पनि भन्नुभयो, "'यद्धपि एउटा मरेकोबाट उठ्छ र फर्केर जान्छ, तापनि तिनीहरुले पत्याउनेछैनन्।

किनकि, तिनीहरुसंग मोशाको व्यवस्था छ, र तिनीहरुले त्यो सुन्दैनन्, तब तिनीहरुले मरेकाबाट एकजना उठेर गए तापनि त्यसको सुन्ने छैनन्। तिनीहरुले मान्ने छैनन्।'"

90 किन? किन? के व्यवस्थाले केहि त्यस्तो कुरा बोलेको थियो? हो। "तिमीलाई जस्तो गरोस् भन्ने चाहन्छौ अरुलाई पनि त्यस्तै गर।" र ऊ व्यवस्थाको अधिनमा बसेको थियो। तर उसले भिखारीलाई ढोकानिर मर्न दियो। बुझ्नुभयो? ऊ—ऊ परमेश्वरको आज्ञा अधिनमा बसेको थियो, र अझै पनि त्यो महान अनन्त जीवन देख्नलाई चुके।

91 नानीहरु, तपाई, हरेक, मेरो जस्तै हुनुहुन्छ। तपाई, प्रत्येक, मेरो छोरा र छोरीहरु जस्तै देखिनुहुन्छ। एक तरिकामा, तपाई, हेर्नुहोस्, आत्मिक रुपमा बोलिरहदा। त्यो ठिक छ। परमप्रभु परमेश्वरले—तपाईको प्राण मेरो हेरचाहमा राख्नुभएको छ, किनभने तपाई आउनुभयो, र मलाई सुन्नुभयो। तपाईले मलाई विश्वास गर्नुहुन्छ। बुझ्नुभयो? र शब्दको एक अर्थमा, तिमीहरु मेरो छोरा र छोरीहरु हौ। त्यो सहि हो।

92 सधै याद गर्नुहोस्, परमेश्वरको आज्ञा पालन गर्नु एउटा महान कुरा हो। असल घरमा हुर्कनु भनेको परमेश्वरको सम्पदा हो। र तपाई जस्तै व्यक्तित्व भएका राम्रा बच्चाहरु हुनु, असल कुरा हो। अद्भुत हो, शिक्षा पाउनु। यो स्वतन्त्र भूमिमा बस्न पाउनु समेत अद्भूत कुरा हो। हामी धन्यवादि हुनको लागि धेरै कुराहरु छन्।

93 तर त्यहाँ एउटा कुरा छ जुन तपाई उत्तराधिकारी हुनुहुन्न। तपाईले यो स्वीकार गर्नुपर्छ। त्यो अनन्त जीवन हो। र तपाईले त्यो केवल येशूलाई पछ्याएर मात्रै गर्न सक्नुहुन्छ, नयाँ गरि जन्मेको अनुभवद्वारा गर्न सक्नुहुन्छ। त्यसलाई बेवास्ता नगर्नुहोस्।

94 मैले एक पटक सुनेको सानो कथा, एउटा मान्छेको बारेमा जो, ओ, ऊ गरीब थियो। र ऊ—उसले सधै चाहन्थ्यो...यो एउटा सानो परी कथा जस्तै, हो। यद्धपि, यो सधै म संगै रहिरह्यो। र एकदिन उसले एउटा फूल टिप्यो। र फूल जादू थियो, र फूलले उसलाई जवाफ दियो, र भन्यो, "तिमी तिम्रो जीवनभर गरीब भयौ।" उसले भन्यो, "अब तिमी के चाहन्छौ माग, र यो तिमीलाई दिईनेछ।"

95 उसले भन्यो, "त्यो पारी पहाड खुलोस्, र म त्यहाँ पहाडमा जान सकूँ र सुन भेट्टाउन सकूँ।"

96 “ठिक छ,” उसले भन्यो, “तिमी जहाँ पनि जान्छौ तिमीले मलाई त्यहाँ जानुपर्छ। बुझ्नुभयो? तिमीले मलाई आफुसंगै लैजानु पर्छ। त्यसैले, जहाँ पनि म छु, त्यसपछि तिमीले के चाहन्छौ मलाई माग्नसक्छौ।”

97 ऊ पहाडतिर गयो, र पहाड खुलियो, र उनी भित्र गए। सानो परी कथा गए अनुसार, तखताहरु सुन र हीराले भएको थियो। उसले फूललाई तल एउटा—एउटा टेबल, वा, एउटा चट्टानमा राख्यो। र ऊ दौडियो र एउटा ठूलो रत्न समात्यो, र उसले भन्यो, “म गएर मेरा साथीहरुलाई यो देखाउछु। र अब म एउटा धनी मानिस हुँ। अब मसंग सबैकुराहरु छ। मैले यो देखाउनुपर्छ।”

98 र त्यसैले फूलले बोल्यो, “तर,” भन्यो, “तर तिमीले मूख्य कुरा नै भुल्यौ।”

99 त्यसैले ऊ फर्केर जान्छ र टिप्छ, भन्यो, “ठिक छ, शायद म—म सुनको एउटा टुक्रा लिन्छु। म चाँदीको एउटा टुक्रा लिन्छु।” र त्यसैले उसले भन्यो, “म—म चाडो गर्नेछु, मानिसहरुलाई भन्न कि म कति धनी भएको छु, र मैले के सबै पाएको छु।”

100 र ऊ ढोकामा पुग्यो, र फूलले भन्यो, “तर तिमीले मूख्य कुरा नै भुल्यौ।”

101 त्यसैले ऊ फेरी दौडेर फर्किन्छ। उसले भन्यो, “यहाँनिर हामीले सबै किसिमका समानहरु पाउछौ।” त्यसैले, उसले एउटा पत्थर उठायो। उसले भन्यो, “म जानेछु, यो पत्थर लिन्छु र मानिसहरुलाई देखाउछु कि यो पहान कुन किसिमको पत्थरले भनेको छ भनेर, ताकी म यहाँ फर्केर आउने बाटो फेला पार्न सक्छु।” बुझ्नुभयो?

102 र उसले ढोका बाहिर शुरू गर्यो, र फूलले भन्यो, किनकि...यो अन्तिम पटक, “तिमीले मूख्य कुरानै भुलेको छौ।”

“ओ,” उसले भन्यो, “ओ, चुप लाग।”

103 बुझ्नुभयो, उसले अब कत्ति पनि सुन्न चाहदैन थियो, “मूख्य कुरा नै भुल्यौ,” र ऊ ढोकाबाट बाहिर भाग्यो। र जब ऊ गयो, उसको पछाडिको ढोका बन्द भयो, भित्र फूलको साथ। मूख्य कुरा फूल थियो। बुझ्नुभयो? मूख्य कुरा फूल थियो।

104 बर्षौं पहिले, एउटा बच्चाको रूपमा, यहाँ, यहाँ माथि, फिनिक्स माथि, गाईवस्तुको फार्म थियो। मैले एउटा टुक्रा, पूर्वेक्षक, एउटा पूर्वेक्षकको बारेमा एउटा पत्रिका पढ्दै थिएँ। त्यसपछि, त्यसबेला यहाँ सडकको बाटो थिएन, केवल थोरै बालुवाको बाटो थियो। तिनीहरुले अझै पनि यहाँ धेरै पूर्वेक्षणका कामहरु गर्छन्, तपाईलाई थाहा छ।

105 तर यो पूर्वेक्षक भित्र आएको थियो, र उसले धेरै पैसा भेट्टाएको थियो, धेरै सुनहरु पाएको थियो। र उसको बाटोमा, उसले भेट्टाएको एउटा कोठरीमा बस्यो। र ऊसंग एउटा कुकुर थियो, अनि, कुकुर—कुकुर, बाहिरपट्टि बाँधेर राखेको थियो। र त्यस रात, यो सुन लिनको लागि, एउटा अपराधीले उसलाई पछ्याईरहेको थियो। उसले यसलाई पुरानो स्पेनिस खानीमा उठाएको थियो, र ऊ यसैसंग आउदै थियो। र कुकुरले भुक्न थाल्यो।

106 र त्यो मानिस त्यो कुकुरसंग झमेलामा हुन चाहन्न थियो। उसले भन्यो, “चुप लाग।” उसले भन्यो, “भोलि, म यो भित्र लिन्छु, श—शहरमा।” र म...कथाको पाठ यो थियो। “म यसलाई जोख्नेछु, र म एउटा धनी मानिस हुनेछु। र म उत्कृष्ट कारहरु किन्नेछु। र मसंग सबै खालका केटिहरु र ठूला पार्टीहरु हुनेछन्। र म एउटा धनी मानिस हुनेछु, किनभने मैले पहिले नै दावी गरिसहेको छु। मैले यहाँ धेरै जसो सुन पाएको छु, धेरै।” अनि भन्यो, “म गर्नेछु...”

107 र जब ऊ सुत्न जाँदै थियो, कुकुरले भुकि नै रह्यो, किनभने कुकुरले अपराधी माथि आउदै गरेको, चिप्लिदै गरेको देखेको थियो, पूर्वेक्षकलाई सुत्न जानको निम्ति कुरिरहेको थियो।

108 ऊ फेरी उठ्यो, र फेरी कुकुर प्रति चिच्यायो, भन्यो, “चुप लाग।” र गरीब कुकुरले रिसाएर आफ्नो मालिकलाई खतरा आउदैछ भनेर चेतावनी दिन—खोज्यो। र जब उसले...

109 अर्को पटक, जब कुकुर भुक्न थाल्यो, पूर्वेक्षकसंग बन्दुक थियो। उसलाई समस्या लिनु थिएन, त्यसैले ऊ उठ्यो र कुकुरलाई गोली हान्यो। र त्यो राति पूर्वेक्षक अपराधीबाट, मारियो। उसको सबै ठूला सपनाहरुले उसलाई केहि फाईदा गरेन। किन? उसले त्यो आवाजलाई चुप गर्यो जसले उसलाई चेतावनी दिँदै थियो।

110 त्यहाँ कसैले केहि गर्न कोशिष गर्न सक्दैन, तपाई बच्चाहरु, केहि गलत गर्न सक्ने सक्षमको हुने थिएन, जुन तरिकामा तपाईहरु हुर्काईनुभएको छ, जबसम्म तपाईलाई केहि कुराले यो नगर्नको निम्ति भनिरहेको छ भन्ने महसूस गर्नुहुँदैन। अब, तपाईलाई चेतावनी दिने त्यो आवाजलाई कहिल्यै पनि चुप नबनाउनुहोस्।

111 र सधै याद राख्नुहोस्, त्यो आवाजलाई स्वीकार गर्नुहोस् जसले भनेको छ, "मलाई पछ्याऊ," अनि तपाई सधै सहि भएर निस्किनु हुनेछ। म विश्वास गर्छु कि तपाई हुनुहुनेछ। तपाई प्रति मेरो आत्मविश्वास छ। तर केवल सधै त्यो याद गर्नुहोस् कि येशू, त्यो आवाज, आज राति पृथ्वीमा जीवित छ।

112 उस्तै नै छ, जत्तिको जिउदो हामीले बोलेका हरेक आवाज र हरेक शब्द छ, जब त्यो आवाज हावाको ईथर बहावमा बाहिर जान्छ। हेर्नु... हेर्नुहोस्, तपाईसंग यहाँ प्रेषक छ जसले यो बाहिर पठाउँछ। तपाई त्यो प्रेषक हो जसले यसलाई बाहिर पठाउनुहुन्छ। अब यसलाई टिप्नको लागि केन्द्र चाहिन्छ।

113 र येशू परमेश्वरको वचनको प्रेषक हुनुहुन्थ्यो, किनकि उहाँ—उहाँ परमेश्वरको त्रिएकता प्रकट भएको एउटा मानिस हुनुहुन्थ्यो। उहाँ एउटा पूर्ण परमेश्वर र पूर्ण मानिस हुनुहुन्थ्यो।

114 र परमेश्वरको त्रिएकता, परमेश्वरको गुणको त्रिएकता, पिता, पुत्र, र पवित्र आत्मा भएर, त्यो एउटा मानिस, येशू ख्रीष्टमा प्रतिनिधित्व गरेको थियो। त्यसैले, त्यहाँ, उहाँ एउटा वचन हुनुहुन्थ्यो।

115 र उहाँ एउटा प्रेषक हुनुहुन्थ्यो जसले भन्नुभयो, "जसले मेरो वचनलाई सुन्दछ, र मलाई पठाउनुहुने माथि विश्वास गर्दछ, त्यसमा अनन्त जीवन छ।" बुझ्नुभयो? "साच्चै म तिमीहरुलाई भन्दछु, जसले, मेरो वचनहरु सुन्दछ, र मलाई पठाउनुहुने माथि विश्वास गर्दछ, त्यसमा अनन्त जीवन छ।" अब, त्यो वचन एउटा प्रेषकबाट बाहिर गएको छ। उहाँले भन्नुभयो, एक दिन, "साच्चै म तिमीहरुलाई भन्दछु, यस पहाडलाई, 'हटिजा,' भन्दछौ, र आफ्नो हृदयमा संका गर्दैनौ, तर जे तिमीले भनेको छौ त्यो पूरा हुनेछ भनि विश्वास राख्छौ, तिमीले मागेका कुरा तिमीले पाउनेछौ।"

116 अब, यदि तपाई त्यो टिप्न सक्ने केन्द्र मात्रै बन्न सक्नुहुन्छ भने, तपाई भित्र केहि नियन्त्रक सहित, विश्वासद्धारा, यसले तपाईलाई परेम्श्वरको

चक्रमा, नयाँ जन्ममा, र फेरी जन्मनमा लैजान्छ। तब तपाई त्यो आवाज सुन्नमा सधै सम्पर्कमा हुनुहुनेछ, जसले तपाईलाई खतरा हुँदा सधै चेतावनी दिन्छ। जब कुराहरु गलत हुन्छ, गलत जान्छ, तपाईलाई यो सधै एउटा चेतावनी हुन्छ। र त्यसपछि, कुनै दिन त्यो धनी युवक जस्तो हुनुको सट्टामा जसको बारेमा हामीले कुरा गरिरहेका छौँ; प्रेरित पत्रुस, पावल, वा त्यस्तै कोहि मानिस बन्नुहोस् जसले येशू ख्रीष्टको लागि प्राणहरु जिते। तपाई त्यसो गर्नुहोस्, नानीबाबुहरु।

के हामी प्रार्थना गर्न सक्छौ?

117 प्रभु येशू! भोलिको लागि युवा, पुरुष र महिलाहरु, यदि त्यहाँ भोलि छ भने। हामीले उनीहरुलाई तालिम दिनुपर्छ, प्रभु। हामीले त्यो बोझ महसूस गर्छौं, तिनीहरुलाई एउटा भोलि छ भनि प्रशिक्षण दिन। यदि त्यहाँ छैन भने, आज नै दिन हो।

118 र त्यसपछि, पिता, हामी जान्दछौ कि तपाईको नजरमा कोहि पनि स्वीकार्य छैन। कुनै पनि शरीर महिमा गर्न सक्दैन। कुनै शिक्षा, यद्धपि यी चिजहरु जत्ति नै राम्रो भए पनि, कुनै राम्रो कामहरुले, कनै धार्मिक संस्था, कुनै मनोविज्ञान, कुनै पनि कुरा पवित्र आत्मा बाहेक परमेश्वरलाई पुष्टि गर्न सक्दैन। उहाँ साधन हुनुहुन्छ, परमेश्वर आफै, अनन्त जीवनको रूपमा, जुन व्यक्तिगत रूपमा हामी आउन सक्दछ। र हामीहरु यसको लागि धन्यवादि छौ।

119 पत्रुसले स्वीकार गर्दा साच्चै नै व्यक्त गरिएको थियो। येशूले उसलाई भन्नुभयो, "मासु र रगतले तिमीलाई यो प्रकट गरेको होइन। तिमीले यो सभाहरुमा कहिल्यै सिकेनौ। तपाईले यो कुनै विद्यालयमा कहिल्यै सिकेनौ।" यो एउटा व्यक्तिगत कुरा हो, केहि कुरा जुन हरेक व्यक्तिले प्राप्त गर्नुपर्दछ। तिमीले भन्यौ, "यस चट्टान माथि म मेरो मण्डली बसाल्नेछु, र नरकको ढोकाहरुले यस माथि विजय पाउनेछैन।" हामीहरु त्यसको लागि धन्यवादि छौ, प्रभु।

120 त्यो आवाज अझै पनि आजराति जीवित छ। र त्यहाँ अझै पनि विश्वासको, ठाउँ, चौकी, सुन्ने चौकीहरु, प्राप्त गर्ने केन्द्रहरु छन्, जसले यो स्वीकार गर्नसक्दछ। हामी प्रार्थना गर्दछौ कि यी मध्ये हरेक बच्चाहरुले, तिनीहरुको हृदयहरुमा प्राप्त गरेका होऊन्, प्रभु। र त्यो याद गर्नुहोस्, असल हुनको लागि तिनीहरुले के गर्छन् भन्ने कुरा होइन, तर तिनीहरु...हामीले के

गर्छौं भन्ने कुराबाट होइन, तर हामीले के स्वीकार गरेका छौ भन्ने कुराबाट परमेश्वरले न्याय गर्नुहुन्छ। हामीहरु हाम्रो विश्वासद्वारा मुक्ति पाएका छौ, हाम्रा कामहरुबाट होइन। त्यसैले हामी प्रार्थना गर्दछौ, स्वर्गीय पिता, कि तिनीहरुले अहिले दर्शन पाउनेछन्, र त्यो, "आऊ, मलाई पछ्याऊ" महान निमन्त्रणालाई देख्नेछन् र सुन्नेछन्।

121 तिनीहरु हरेकले, प्रभु, संसारका सबैथोकबाट, यो मरणशील, तुच्छ जीवनबाट फर्किएका होऊन्। जस्तो तिनीहरु आजराति यहाँ छन्, र तिनीहरुको सुनौलो बलियो केश, र तिनीहरु मध्ये केहि आफ्नो कालो केशसंग, र कालो आँखा, र निलो आँखा, र जीवनभरको सबैभन्दा तिनीहरुको उत्तम समयमा बसिरहेका छन्।

122 र जस्तो महानले लेखकले भनेका थिए, "आफ्ना जवान अवस्थामा आफ्नो सृष्टिकर्तालाई याद गर, जबकि दुष्ट दिनहरु नजिक आउदा। तब ती कुराहरुमा तिमीहरु कुनै आनन्द पाउनेछैनौ।" कसरी, प्रभु येशू, तपाईले पत्रुसलाई भन्नुभयो, "जब तिमीहरु जवान थियौ, तिमी उठ्यौ र आफ्नो मन लागेको ठाउँमा गयौ। तर जब तिमी बुढो हुन्छौ, कसैले तिमीलाई त्यो ठाउँमा राख्छ जहाँ तिमी जानेथिएनौ।" तिनीहरुलाई सम्झन दिनुहोस्, "अहिले नै दिन हो। अहिले नै समय हो।" यो प्रदान गर्नुहोस्, पिता।

123 म तिनीहरु हरेकलाई, मेरो आफ्नै बच्चाको रूपमा, आज राति यहाँ, यहाँ भएका हरेक बच्चालाई दावी गर्छु। म महसूस गर्छु कि तपाईले मेरो हातमा राख्नुभएको छ, तिनीहरुलाई हेर्नको निम्ति। म तिनीहरु सबैलाई, शैतान र मृत्युबाट, येशू ख्रीष्टमा जीवनको दावी गर्छु। आमेन।

124 तपाई नानीबाबुहरुलाई, आशिष भएको होस्। तपाईहरुलाई थोरै शब्दहरु भन्न पाउँदा साँचै नै राम्रो लाग्यो। र म बिल्लीसंग, फिर्ता आउनेछु। राम्रा नानीबाबुहरु, तपाईलाई कदर गर्छु। भाई फ्रेड, प्रभुले तपाईलाई आशिष दिनुभएको होस्। प्रभुले तपाईलाई आशिष दिनुभएको होस् बहिनी।

***आऊ, मलाई पछ्याऊ*** NEP63-0601

(Come, Follow Me)

यो संदेश भाई विलियम म्यारियन ब्रन्हामद्वारा मूल रूपमा अंग्रेजीमा शनिबार साँझ, जुन १, १९६३, हाउस अफ मिटिंगमा ट्युक्सन, एरिजोना, यु.एस.ए, मा प्रचार गरिएको थियो। यो प्रवचन चुम्बकीय टेप रेकर्डिङ्गबाट लिईएर अंग्रेजीमा कुनै काँट–छाँट नगरी छापिएको छ। यो नेपाली अनुवाद वोईस अफ गड रेकर्डिङ्गद्वारा छाप्ने र वितरण गर्ने गरिएको छ।

NEPALI

©2022 VGR, ALL RIGHTS RESERVED

VOICE OF GOD RECORDINGS, INDIA OFFICE
19 (NEW NO: 28) SHENOY ROAD, NUNGAMBAKKAM
CHENNAI 600 034, INDIA
044 28274560 • 044 28251791
india@vgroffice.org

VOICE OF GOD RECORDINGS
P.O. BOX 950, JEFFERSONVILLE, INDIANA 47131 U.S.A.
www.branham.org

## Copyright notice

All rights reserved. This book may be printed on a home printer for personal use or to be given out, free of charge, as a tool to spread the Gospel of Jesus Christ. This book cannot be sold, reproduced on a large scale, posted on a website, stored in a retrieval system, translated into other languages, or used for soliciting funds without the express written permission of Voice Of God Recordings®.

For more information or for other available material, please contact:



Voice Of God Recordings
P.O. Box 950, Jeffersonville, Indiana 47131 U.S.A.
www.branham.org